# जिल्ला समन्वय समितिको कार्यालय, कास्की

## आ.व.२०८१/०८२ मा सम्पादित कामको वार्षिक प्रतिवेदन २०८२




<u>प्रकाशक</u>

## जिल्ला समन्वय समितिको कार्यालय, कास्की

१. परिचय :

नेपालको संविधानले जिल्ला भित्ररहेका गांउपालिका तथा नगरपालिकावीच समन्वय गर्न विकास निर्माण कार्यमा सन्तुलन कायम गर्न अनुगमन गर्ने  तथा जिल्ला भित्र रहेका संघ प्रदेश का सरकारी कार्यालय र स्थानीय तहहरुवीच समन्वय कायम गर्ने कार्य जिम्मेवारीका साथ जिल्ला समन्य समितिको व्यवस्था गरेको छ ।जिल्ला समन्वय समितिमा निर्वाचित निकायको रुपमा प्रमुख, उपप्रमुख र सदस्य सहित वढिमा ९ जना पदाधिकारी रहने व्यवस्था छ । सचिवालयमा नेपाल सरकारले स्वीकृत गरे अनुसारको प्रशासकिय प्रमुखको रुपमा रा.प द्धितीय श्रेणीको जिल्ला समन्वय अधिकारी र अन्य कर्मचारी रहने व्यवस्था छ । संघीयता कार्यन्वयन संगै समन्वय सहजीकरण मुख्य जिम्मेवारी र भुमिकाका साथ यस कास्की जिल्लामा जिल्ला समन्वय समितिको कार्यालय स्थापना भै पोखरा महानगरपालिका वडा नं -७ शहिदचोकमा अवस्थित छ ।

२. कार्यालयको काम कर्तव्य र अधिकार

नेपालको संविधान अनुसार यस कार्यालयका काम कर्तव्य र अधिकार निम्न रहेको देखिन्छ

क) जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,

(ख) विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,

(ग) जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,

(घ) प्रदेश कानून बमोजिमका अन्य कार्यहरू गर्ने ।

यसका अलावा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२, संघ प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्वन्ध ऐन २०७७ को दफा २६, गण्डकी प्रदेश स्थानीय तह सभा संचालन सम्वन्धि कार्यविधी ऐन २०७५ को परिच्छेद ४ लगायत संघीय तथा प्रदेशिक कानून, कार्यविधि मापदण्ड, निर्देशिका तथा विभिन्न मन्त्रालयहरुवाट प्राप्त परिपत्रहरुले यस कार्यालयको काम कर्तव्य र अधिकार तोकेको अवस्था रहेको छ । यरी विधमान संविधान तथा कानुनले तोके अनुसार हाल यस कार्यालयले आफ्नो कार्य सम्पादन गर्दै आएको छ ।

### ३. सम्पादन गरिएका मुख्य कामहरु

#### ३.१. जिल्ला समन्वय समितिको वैठक :

जिल्ला समन्वय समितिको नियमित वैठक प्रत्येक महिनाको अन्तिम सुक्रवार वस्ने प्रचलन अनुसार २०८१ श्रावण देखि २०८२आषाढ मसान्त १ वर्षको अवधिमा जिल्ला समन्वय समितिका १३ वटा वैठक वसी नियमितरुपमा सम्पादित कामको समिक्षा तथा महत्वपूर्ण निर्णयहरु गरेको ।

#### ३.२ योजना अनुगमन :

जिल्ला समन्वय समितिलाइ संविधान तथा कानुनले प्रदान गरेको अनुगमन अधिकार अनुसार यस वर्वमा नियमित अनुगमन कार्य गरिएको थियो केही महत्वपूर्ण अनुगमन निम्नानुसार रहेका छन् :

- मिति २०८२/२/१९ मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा स्थानीय पुर्वधार विकास आयोजना कार्यालयवाट संचालित
  - I. हर्पनखोला पुल
  - II. घांटिछिना -मकाले -सिदानपुर सडक र
  - III. पामे वडारे कृषि रोड देखि वडा नं २४ जाने वाटोको अनुगमन तथा स्थलगत निरीक्षण
- मिति २०८२/२/२२ मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा पूर्वधार विकास कार्यालय कास्कीद्धरा संचालित
  - I. चण्डी खोला पुल, पोखरा -२८
  - II. वेगनास भोर्लेटार सडक (वेगनास तालवेसी खण्ड)
- वेगनास भञ्यांग आनन्दज्योती सडकको अनुगमन तथा स्थलगत निरीक्षण कार्य
- मिति २०८२/२/२२ मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा सडक डिभिजन कार्यालय कास्कीद्धरा संचालीत दम्सादीघाट छोरेखोला पुलको अनुगमन तथा स्थलगत निरीक्षण
- मिति २०८२/२/२३ मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा सडक डिभिजन कार्यालय कास्कीद्धरा संचालीत पर्वत र कास्की अन्नपूर्ण ८ जोड्ने भुरुङदी खोला मोटरेवल पुल को अनुगमन

- २०८२/२/२५ मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा तिकलाङ मुसेटुंडा पावरहाउस मोटरेवल पुल अनुगमन
- २०८२/३/९ मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा तिकलाङ मुसेटुंडा पावरहाउस मोटरेवल पुल आसपासमा नदीजन्य पदार्थ अनुगमन तथा  स्थलगत निरीक्षण
- २०८२/३/१० मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा पोखरा महानगरपालिका वडा नं २३ तोराखोलामा भएको क्षति वारे स्थलगत अनुगमन
- २०८२/३/२५ मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा पोखरा महानगरपालिका वडा नं १६र १९ को गोस्टेघाटमा वाटो तथा सवदाहन स्थल निर्माण कार्यको अनुगमन

## ३.३ समन्वयात्म वैठकः

जिल्ला समन्वय समितिले स्थानीय तहहरुमा देखिएका समस्या तथा विवद समधानका लागि विभिन्न समयमा समन्वय तथा सहजिकरण गर्ने गरेको छ । यस वर्ष प्रमुखरुपमा निम्न समन्वत्मक वैठकहरु गरिएको थियो :

-
- मितिः २०८१ फागुन ०९ गते जिल्ला समन्वय समिति कास्कीले आयोजनामा जिल्ला समन्वय समिति प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा पोखरा महानगरपालिकामा वर ,पिपल र समिका रुख कटान सहित जनसरोकारका बिषयमा सरकारी निकायका प्रमुख तथा प्रतिनिधि सम्मिलित समन्वय बैठक  सम्पन्न
- २०८२/१/११ मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको अध्यक्षतामा थुमाको डांडा खानेपानी आयोजना मादी वडा नं ३,४ का सम्वन्धमा भएको विवाद समधानका लागि मा. मन वहादुर गुरुगं र मा. वेद वहादुर गुरुगं ज्यू लगायतका सरोकारवालाहरुको उपस्थितिमा विवाद समाधानका लागि समन्वयात्म वैठक सम्पन्न ।
- २०८२/२/२८ मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको अध्यक्षतामा मुसेटुंडा पावरहाउस मोटरेवल पुलमा निर्माणस्थलमा भएको नदिजन्य पदार्थको चोरी निकासी सम्वन्धमा सम्वद्ध वडा अध्यक्ष पुल निर्माण सरोकारवाला समिति लगायतका सरोकारवालाहरुको उपस्थितिमा समन्वयात्मक वैठक सम्पन्न ।

## ३.४ जिल्ला परियोजना सल्लाहकार समितिको वैठक :

जिल्ला समन्वय समितिले २ वा सो भन्दा वढी कार्यक्षेत्र भएका गैह्र सरकारी संघसंस्थाको अनिवार्यरुपमा कार्य संझौता गराइ जिल्ला परियोजना सल्लाहकार समितिको वैठक मार्फत परियोजनाको कार्य प्रकृया तथा प्रगति वारे छलफल गर्ने गरेको छ । सोही अनुसार गत आ.व.मा निम्नानुसार परियोजना सल्लाहाकार समितिको वैठक वसेको थियो :

- मिति २०८२/८।१७ गते जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको अध्यक्षतामा जिल्ला परियोजना सल्लाहकार समितिको वैठक वसी दलित महिला संघ फेडो कास्कीवाट संचालित आयोजनाहरुवारे छलफल सम्पन्न
- मिति २०८२/३।१२ गते जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको अध्यक्षतामा जिल्ला परियोजना सल्लाहकार समितिको वैठक वसी कोपिला नेपालवाट संचालित आयोजनाहरुवारे छलफल सम्पन्न

## ३.५ वित्तीय सुशासन जोखिम मूल्यांकन तथा प्रतिवेदन तयारी :

संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको पत्रानासर जिल्ला समन्वय समितिले जिल्ला भित्रका स्थानीय तहहरुको वित्तीय सुशासन जोखिम मुल्यांकन गरि प्रतिवेदन सार्वजनिकरण गर्ने गरेको छ । सोही अनुरुप यस कार्यालयवाट कास्की जिल्लाका स्थानीय तहहरुको वित्तीय सुशासन जोखिम मुल्यांकन गरी अन्तिम नतिजा मिति २०८२।१।१६ गते सार्वजनिकीकरण गरिएको थियो । जस अनुसार रुप गांउपालिकाले सवैभन्दा वढी ६८ अंक ल्याइ जिल्लामा उत्कृष्ठ देखिएको थियो ।

| नगरपालिका / गाउँपालिका | योजना , बजेट तथा कार्यक्रम व्यवस्थापन | कार्यान्वयन क्षमता तथा व्यवस्थापन | लेखाङ्कन तथा प्रतिवेदन | अनुगमन , मुल्यांकन तथा लेखापरीक्षण | राजस्व व्यवस्था पन | जम्मा प्रासङ्क |
|---|---|---|---|---|---|---|
| अन्नपूर्ण गाउँपालिका | १८ | १९.५ | ११ | ७.५ | १०.५ | ६६.५ |
| माछापुच्छ्रे गाउँपालिका | १०.५ | १५.५ | ९ | ५.५ | ४.५ | ४५ |
| मादी गाउँपालिका | १३.५ | २२ | १२ | ७ | ७ | ६१.५ |
| पोखरा महानगरपालिका | १० | १८ | ५ | ३.५ | ११ | ४७.५ |
| रूपा गाउँपालिका | १६.५ | १७.५ | १३ | ८.५ | १२.५ | ६८ |

## ३.६ महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्वन्धि कार्य :

महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयको फोकल पर्सन तोकी यस कार्यालयवाट महिला वालवालिका मन्त्रालय सम्वन्धि तोकिए अनुसारका कामहरु सम्पादन हुदै आएको छ । गत आ.व.मा

क. महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयवाट तोकिए अनुसार साविकका महिला तथा वालवालिका कार्यालय कास्कीवाट प्रवर्द्धन गरिएका २४ वटा सहकारी संस्था / समिति मार्फत चालु कोष निर्देशिका २०६१ वमोजिम विपन्न महिलाका लागि आयआर्जन वढाउन कार्यक्रम संचालन गर्न चालु कोष रकम उपलव्ध गराएकोमा ५ वर्षमा उक्त कोष रकम फिर्ता गर्नु पर्नेमा फिर्ता नगरेका संस्थाहरुवाट रकम असुली गरि दाखिला गर्न यस कार्यालयलाइ अनुरोध भएकोमा निम्नानुसारका संस्थाहरुवाट रु ४ लाख ४८ हजार रकम असुली फिर्ता गराइ दाखिला गरिएको भौचर यस कार्यालयमा प्रप्त भएको। अन्य संस्थाहरु लाइ पनि यस कार्यालयवाट पत्राचार गरिएको तर वुझाएको जानकारी हुन नआएको ।

| सि नं | संस्थाको नाम ठेगाना | दाखिला रकम रु | दाखिला वैकको नाम | भौचर नं |
|---|---|---|---|---|
| १ | सक्रिय महिला विकास वचत तथा ऋण स.स लि पोखरा २२ पुम्दीभुम्दी कास्की | ३७००००.०० | रा.वा.वैक पृथ्वीचोक पोखरा | ८७५१८६० |
| २ | सक्रिय महिला विकास वचत तथा ऋण स.स लि पोखरा २२ पुम्दीभुम्दी कास्की | २२०००.०० | रा.वा.वैक पृथ्वीचोक पोखरा | ८७५१८६१ |
| ३ | हरिहर महिला वचत तथा ऋण सहकारी संस्था लि. भलाम कास्की | ५६०००.०० | रा.वा.वैक पृथ्वीचोक पोखरा | ८२७८३८९ |
| | **जम्मा रु** | **४४८०००.००** | | |

ख. महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प.सं २०८१/८२ च. नं ३६ मिति २०८२/३/३ को पत्रानुसार महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आयोजनामा यौनिक तथा लैंगिक अल्पसंख्यकहरुका सम्वन्धमा सरोकारवालाहरुवीच अन्तरकृया / छलफल गरी उक्त समुदायलाइ सामाजिक अन्तरघुलनवाट मर्यादित जीवनयापन गर्ने वातावरणमा सहजता ल्याउने तथा सरकारी सेवा प्रवाहमा समेत सहजता ल्याउने उद्धेश्यले यौनिक तथा अल्पसंख्यक सम्वन्धि १ एक दिने अन्तरकृया कार्यक्रम ३४ जना सहभागीहरुको सहभागिता र यस कार्यालयको समन्वयमा मिति २०८२/३/१० गते सम्पन्न भएको ।

ग. महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं ३८ मिति २०८१/१०/१४ को पत्रानुसार आ.व.०८१/८२ मा स्थानीय तहहरुमा रहेका महिला तथा वालवालिका / सामाजिक शाखा र शाखाहरुवाट सम्पादित कामको अनुगमन गरी विवरण सहितको एकिकृत अनुगमन प्रतिवेदन तयार गरी महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाइएको ।

### ३.७ वार्षिक/ अर्ध वार्षिक समिक्षा :

जिल्ला समन्वय समिति कास्कीले यस जिल्लामा रहेका विकास निर्माणसंग सम्वन्धित विषयगत सरकारी कार्यालय र गैह्र सरकारी संस्थाहरुवाट सम्पादित कामको वार्षिकरुपमा समिक्षा कार्यक्रम राखी सरोकारवालाहरुको उपस्थितिमा कार्य समिक्षा गर्दै आएको छ । जस अनुसार

- २०८१/५/२५ र २६ जिल्ला समन्वय समिति तथा विषयगत कार्यालयहरुको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको थियो ।
- २०८१/८/२० र २१ गते यस जिल्लामा क्रियाशील विभिन्न ३४ गैह्र सरकारी संघ संस्थाहरुको वार्षिक प्रगति समिक्षा कार्य सम्पन्न भएको थियो । उक्त समिक्षामा २७ वटा गैह्र सरकारी संस्थाहरुले आफ्नो कार्य प्रगति सहितको प्रस्तुती गरेका थिए ।
- मिति २०८१।१०।०७ गते विषयगत कार्यालयहरुको अर्धवार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको थियो ।

### ३.८ अन्तरक्रिया तथा छलफल :

जिल्ला समन्वय समिति कास्कीले जन सरोकारका विषय तथा आफुले सम्पादन गरेका काम कार्वाहीका वारेमा सरोकारवालाहरु बीच अन्तरक्रिया तथा छलफल गर्ने गरेको छ । जस अनुसार

- २०८१/५/५ मा गत वर्षको कार्य प्रगति र यस वर्षको कार्यक्रम वारे जानकारी दिन पत्रकार भेटघाट तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो,
- २०८१/५/२१ मा मानसिक रोग अस्पताल स्थापना सम्वन्धमा स्वाथ्य मन्त्रालय, स्थानीय तह निजी क्षेत्र लगायतका सरोकारवालाहर संग छलफल तथा अन्तरक्रिया,
- २०८१/७/८ गते यातायात व्यवसायी र सरोकारवालासंग यातायात क्षेत्रको सुधारका लागि अन्तरक्रिया कार्यक्रम सम्पन्न,
- २०८१/७/२६ गते कृषि तथा पशुपालक व्यवसायीहरुका समस्याका वारेमा सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न,
- २०८१ मङ्सिर ५ गते जिसस कास्कीको सन्तुलित बिकास बिषयमा अन्तरक्रीया कार्यक्रम सम्पन्न,
- २०८१/८/२५ गते मानव अधिकारसंग सम्वन्धित विषयमा इन्सेक नेपाल लगायतका संघसंस्थाहरु संग अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न,
- २०८१/९/२ गते अन्नपूर्ण संरक्षण क्षेत्र र स्थानीय तहहरुवीच समस्याहरुका वारेमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न,
- २०८१-०९-१७ जिल्ला समन्वय समिति कास्कीको आयोजनामा कास्की जिल्ला नागरिक आरोग्य समिति र स्थानीय नागरिक आरोग्य समिति सहित सरोकारवालाहरू बिच अन्तरक्रिया कार्यक्रम सम्पन्न,
- २०८२/१/२१ गते कास्कीका वालगृह संचालकहरुसंग अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न ।

### ३.९ असल अभ्यास अनुभव आदन प्रदान तथा सिकाइ भ्रमण :

- जिल्ला समन्वय समिति कास्कीको मिति २०८१/४/६ को वैठकवाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको नेतृत्वमा मिति २०८२/१/२५ देखि २०८२।१/३१ सम्म गण्डकी प्रदेशकाः स्याङ्जा, पर्वत, वाग्लुगं , लुम्विनी प्रदेशका : रुकुम पूर्व, वांके, वर्दिया, दांग, प्यूठान, रोल्पा, कपिलवस्तु, रुपन्देही, कर्णाली प्रदेशको

: रुकुम पश्चिम र सुदुर पश्चिम प्रदेशको : कन्चनपुर र कैलाली जिल्लाका असल अभ्यासहरुवारे अध्ययन भ्रमण कार्य सम्पन्न भएको थियो ।

- मितिः २०८१ फागुन ४ गते जिल्ला समन्वय समिति कास्की को सभाहलमा पांचथर जिल्ला समन्वय समितिका पदाधिकारीहरूसंग अनुभव आदानप्रदान सहित असल अभ्यास कार्यक्रम सम्पन्न ।

### ३.१० क्षमता विकास कार्यक्रम संचालन :

जिल्ला समन्वय समिति कास्कीले आवस्यकता अनुसार कर्मचारी, जनप्रतिनिधी तथा स्थानीय तह र लक्षित वर्गहरुका लागि विविध क्षमता विकासका कार्यक्रमहरु संचालन गर्दै आएको छ । जस अनुसार गत वर्ष :

- मिति २०८१/५/१२ मा दलित मैत्री कानुन र व्यवहार वारेमा जि.स.स र स्थानीय तहका प्रतिनिधीहरुलाइ क्षमता विकास प्रशिक्षण कार्यक्रम संचालन
- मिति २०८१/६/१५ मा विभिन्न उपभोक्ता समितिका पदाधिकारीहरुलाइ क्षमता विकास प्रशिक्षण कार्यक्रम संचालन

### ३.११ नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन, संकलन र विक्री सम्वन्धी जिल्ला अनुगमन समिति को वैठक तथा अनुगमन :

ढुंगा गिटी वालुवा उत्खनन विक्री तथा व्यवस्थापन मापदण्ड २०७७ अनुसार नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन, संकलन र विक्री सम्वन्धी जिल्ला अनुगमन समितिको वैठक वस्ने तथा जिल्ला स्तरमा अनुगमन गरी आवस्यक कार्वाही प्रकृया अगाडी वढाउने गरेको छ । सोही अनुसार

- मिति २०८१/०४/०४ गते जि स स प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी श्री भरतमणि पाण्डे लगायतको सहभागितामा वैठक वसी ढुंगा गिटी वालुवा उत्खनन तथा व्यवस्थापन सम्वन्धमा विविध निर्णय गरेको ।
- मिति २०८१/०५/२७ गते जि स स प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी श्री भरतमणि पाण्डे लगायतको सहभागितामा माछापुछ्रे गांउपालिका वडा नं २ मा वैठक वसी ढुंगा गिटी वालुवा उत्खनन तथा व्यवस्थापन सम्वन्धमा विविध निर्णय गर्नुका साथै अनुगमन कार्य समेत गरेको ।

- मिति २०८१/१२/०७ गते जि स स प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी श्री भरतमणि पाण्डे लगायतको सहभागितामा वैठक वसी ढुंगा गिटी वालुवा उत्खनन तथा व्यवस्थापन सम्वन्धमा विविध निर्णय गरेको ।
- मिति २०८२/०२/२९ गते जि स स प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा पोखरा महानगरपालिकाका प्रमुख श्री धनराज आचार्य प्रमुख जिल्ला अधिकारी श्री रुद्रा देवी शर्मा लगायतको सहभागितामा वैठक वसी ढुंगा गिटी वालुवा उत्खनन तथा व्यवस्थापन सम्वन्धमा विविध निर्णय गरेको ।

## ३.१२ विधालय शिक्षा तथा विधार्थी अन्तरकृया :

जिल्ला समन्वय समितिवाट कास्की जिल्लाका विभिन्न विधालयहरुमा अध्ययन गर्ने विधार्थीहरुलाइ जिल्ला समन्वयमा समितिको गठन, जिल्ला सभा काम कर्तव्य अधिकार जिल्ला समन्वय समितिको निर्वाचन प्रकृया वारेमा प्रशिक्षण तथा अन्तरकृया र आवस्यकता अनुसार नमूना मतदान समेत गराउने गरिएको छ । सोही अनुसार

- मिति २०८२असार ५ गते पोखरा महानगर पालिका वडा ८ स्थित सृजना सेकेन्डरी बोर्डिङ स्कुलबाट जिल्ला समन्वय समिति कास्कीको स्थलगत अध्ययन अबलोकनमा पाल्नु भएका बिद्यार्थीहरूसंग अन्तरक्रिया तथा विधार्थीहरुवीच जिल्ला समन्वय समितिको नमूना मतदान कार्य समेत गराइ प्रमुख उपप्रमुख तथा सदस्यहरु छनौट गर्ने कार्यक्रम सम्पन्न ।

## ४. विधमान समस्याहरु :

- प्रदेश सरकारले वनाउनु पर्ने जिल्ला समन्वय समिति सम्वद्ध कानुनहरु नवनाउनु,
- प्राकृतिक स्रोत उपयोग तथा वाडफांड सम्वन्धि संघीय कानुन नहुदा कार्य सम्पादनमा कठिनाइ हुनु,
- प्रयाप्त स्रोत साधन विनियोजन नहुदा प्राप्त कार्य जिम्मेवारी सम्पादन गर्न कठिन हुनु,
- प्रदेश सरकारवाट अनुगमन कार्यका लागि प्रयाप्त वजेट विनियोजन नगर्नु र विनियोजन भएको रकम समेत प्राप्त नहुनु (प्रदेश सरकारले रु १० लाख दिने भनेको तर रकम नदिएको)

- भौतिक पूर्वधारको वस्तुनिष्ठ अनुगमन गर्नका लागि आफ्नो छुट्टै गुणस्तर परीक्षण ल्याव नहुनु,
- प्राकृतिक स्रोत ढुंगा गिटि वालुवा विक्रिवाट प्राप्त राजस्व वाडफाड गर्दा जिल्ला समन्वय समितिलाइ वांडफांड नगर्नु र पालिकावाट प्रशासनिक खर्च पनि नदिनु,
- योजना अनुगमनवाट दिइएका निर्देशनहरुको कार्यान्वय पक्ष फितलो देखिनु पालिकाहरु निर्देशन कार्यान्वियनमा उदासिन हुनु,
- जिल्ला समन्वय समितिलाइ अनुगमन निर्देशनमा दण्डनीय अधिकार नहुदा कार्य गर्न असहज हुनु,
- विषयगत कार्यालय तथा स्थानीय तहहरुले जिल्ला समन्वय समितिमा समयमा कार्य प्रतिवेदन पेश नगर्नु तथा माग भएका विवरणहरु समयमा उपलव्ध नगराउनु,
- जिल्ला समन्वय समितिमा रहेका सवारी साधनहरु पुराना रहेका र मर्मत खर्च धान्न नसक्ने अवस्था भएकोमा नयां सवारी साधन व्यवस्था नहुनु,
- पुराना सावरी साधन तथा मोटरसाइकलहरु मर्मत हुन नसकी थन्किएर वसेको अवस्थामा लिलाम प्रकृया जटिल हुनु तथा वर्षौं देखि नविकरण नभएका सवारी साधन लिलाम गर्न वकौता तिर्न वजेट नहुनु,
- कार्यालयको भवन जिर्ण अवस्थामा रहेकोले मर्मत तथा नयां भवन निर्माण गर्न वजेट विनियोजन नहुनु,
- संघीय केन्द्रीय निकाय तथा कार्यालय, प्रदेश सरकार तथा कार्यालयहरु र स्थानीय तह वाट सम्पाद हुने काम कार्वाही तथा कार्यक्रम वारेमा जिल्ला समन्वय समितिलाइ जानकारी नदिने तथा समावेश नगराउने प्रवृत्ति विधमान हुनु ।

## धन्यवाद !!!